नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(......अनुमतिपत्र महाशाखा......)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याक्सः ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या:- २०८१/०८२ (अनुमतिपत्र)
चलनी नं.:- ९८१०

मिति: २०८२/१/१०

विषय : धरौटी फिर्ता सम्बन्धमा ।

श्री देवीघाट हाइड्रोपावर प्रा.लि.
काठमाण्डौ महानगरपालिका दरबारमार्ग, काठमाण्डौं,
पो.ब.नं. ११९३०, काठमाण्डौं
फोन नं. : ०१ ४२५८४३९, ४२५८४४०,
फ्याक्स नं. : ०१ ४२५५९८२ ।

प्रस्तुत विषयमा नुवाकोट जिल्लामा अवस्थित त्रिशुली नदीमा पहिचान भएको ९.६ मेगावाट क्षमताको देवीघाट क्यास्केड जलविद्युत आयोजना (विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र संख्या : वि.वि.वि. ०६५/६६ वि.उ.स. ४६०) को विद्युत उत्पादनको अनुमतिपत्रको माग गरी प्रवर्द्धक श्री देवीघाट हाइड्रोपावर प्रा.लि.ले दिएको दरखास्त माथि कारवाही हुँदा विभागको मिति २०७३/९/३ को निर्णयानुसार उक्त दरखास्त रद्द गरी मिति २०७३/९/१३ च.नं. ५४६ को पत्रबाट तहाँ प्रबर्द्धकलाई जानकारी गराइएकामा तहाँले मिति २०८१/५/१६ द.नं. ११३७ बाट दरखास्तसाथ राखेको धरौटी रकम फिर्ताको माग निवेदन गरेकोमा प्रचलित आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६ (२) **(उपनियम (१) बमोजिम धरौटी रकम फिर्ता लिनको लागि प्रचलित कानूनले अवधि तोकिएकोमा सोही अवधि भित्र र अवधि नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो काम समाप्त भएको मितिले एक बर्ष भित्र धरौटी रकम जम्मा गरेको प्रमाण सहित सम्बन्धित व्यक्तिले धरौटी जम्मा गरेको कार्यालयमा निवेदन दिनुपर्नेछ ।)** र विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ को दफा २७ समेतको म्याद नघाई धरौटी रकम फिर्ता माग गरेकोले धरौटी फिर्ता गर्न नमिल्ने र सो रकम नियमानुसार राजश्व दाखिला गरिदिने विभागको मिति २०८२/१/७ को निर्णयानुसार जानकारीको लागि अनुरोध छ ।

(दुर्गा नारायण भुसाल)
ईन्जिनियर

बोधार्थ :
श्री आर्थिक प्रशासन शाखा,
विद्युत विकास विभाग : निर्णय, निवेदन तथा आम्दानी रसिदको फोटोकपी यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।